नेपाल सरकार

# स्वास्थ्य मन्त्रालय

## चिकित्सा सेवा महाशाखा

( : ०१-४२५४७५१
email : csd@mohp.gov.np
website : www.mohp.gov.np

आ.व. ०७३।७४
च.नं. २/९४६

मिति २०७३।८।२१

नेपाल स्वास्थ्य अनुसन्धान परिषद
दर्ता नं. १२४४
मिति: २०७३।०८।२९

श्री नेपाल स्वास्थ्य अनुसन्धान परिषद,
रामशाह पथ ।

नेपाल सरकार (मा. मन्त्रीस्तर) को मिति २०७३।८।२० निर्णयानुसार नेपाल स्वास्थ्य अनुसन्धान परिषदको **कर्मचारी प्रशासन विनियम, २०६७ को परिच्छेद २** मा रहेको दरबन्दी र पदपूर्ति सम्बन्धी व्यवस्थामा लोकसेवा आयोगको मिति १०७३।७।२८ च.नं. ५८।०७३/७४ को पत्रबाट प्राप्त भएको परामर्शका विषयवस्तुमा सोही अनुसार गर्ने गरी **कर्मचारी प्रशासन विनियम, २०६७ (पहिलो संशोधन, २०७३)** स्वीकृत भएको व्यहोरा अनुरोध गर्दछु ।

(कृष्ण प्रसाद सुवेदी)
शाखा अधिकृत

प्रशासन
०७३।०८।२१

नेपाल स्वास्थ्य अनुसन्धान परिषद्

कर्मचारी प्रशासन विनियम, २०६७ (पहिलो संशोधन), २०७३ को

विषय-सूची (Contents)

नेपाल स्वास्थ्य अनुसन्धान परिषद् कर्मचारी प्रशासन विनियम, २०६७ लाई संशोधन गर्न वान्छनीय भएकोले, नेपाल स्वास्थ्य अनुसन्धान परिषद् ऐन, २०४७ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी नेपाल स्वास्थ्य अनुसन्धान परिषद्ले बनाएका देहायका विनियमहरु नेपाल सरकारले स्वीकृति गरेको छ ।

१. नेपाल स्वास्थ्य अनुसन्धान परिषद् कर्मचारी प्रशासन विनियम, २०६७ (यसपछि मूल विनियम भनिएको) को विनियम २.२ मा संशोधन: मूल विनियमको विनियम २.२ पछि देहायको विनियम २.२ (क) थपिएको छ:–
२.२ (क) पदपूर्तिसम्वन्धी व्यवस्था : (१) नेपाल स्वास्थ्य अनुसन्धान परिषद्मा रहेका पदहरू देहायको प्रक्रिया अनुसार पूर्ति गरिनेछ :

| हालको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| १. | १. मूल विनियमको २.२ पछि २.२ (क) थप गरी सोमा पदपूर्तिसम्बन्धी व्यवस्था राख्ने<br><br>२.२ (क) पदपूर्तिसम्वन्धी व्यवस्था : (१) नेपाल स्वास्थ्य अनुसन्धान परिषद्मा रहेका पदहरू देहायको प्रक्रिया अनुसार पूर्ति गरिनेछ : | नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को मौजुदा विनियममा पदपूर्ति तालिका, समावेशीको व्यवस्था नभएकोले समय सापेक्ष बनाउन |

| सि.नं. | तह | खुल्ला प्रतियोगिता | बढुवा: कार्य सम्पादन मूल्याङ्कनद्वारा | बढुवा: आन्तरिक प्रतियोगिताद्वारा |
|---|---|---|---|---|
| १. | ११ औं तह | १०% | ६०% | ३०% |
| २. | १० औं तह | १०% | ६०% | ३०% |
| ३. | ९ औं तह | २०% | ४०% | ४०% |
| ४. | ८ औं तह | २०% | ६०% | २०% |
| ५. | ७ औं तह | ८०% | १०% | १०% |
| ६. | ६ औं तह (प्राविधिक -अनुसन्धान) | १००% | | |
| | ६ औं तह (अप्राविधिक) | ६०% | २०% | २०% |
| ७. | ५ औं तह | ६०% | २०% | २०% |
| ८. | ४ औं तह | १००% | | |

(२) परिषद्को सेवालाई समावेशी बनाउन खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने

प्रतिलिपि

पदमध्ये पैंतालिस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शत प्रतिशत मानि देहाय बमोजिमको उम्मेदवारहरूको बीचमा मात्र प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ ।

| | |
|---|---|
| क) महिला | तेतीस प्रतिशत |
| ख) आदिवासी/जनजाति | सत्ताइस प्रतिशत |
| ग) मधेसी | बाइस प्रतिशत |
| घ) दलित | नौ प्रतिशत |
| ङ) अपाङ्ग | पाँच प्रतिशत |
| च) पिछडिएको क्षेत्र | चार प्रतिशत |

स्पष्टीकरण :

(१) यस उपदफाको प्रयोजनका लागि "पिछडिएको क्षेत्र" भन्नाले अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्ला जिल्ला सम्झनुपर्छ ।

(२) (क), (ख), (ग) र (घ) को प्रयोजनको लागि महिला, आदिवासी/जनजाती मधेसी र दलित भन्नाले आर्थिक र सामाजिक रूपमा पछाडि परेका महिला, आदिवासी/जनजाती, मधेसी र दलितलाई सम्झनु पर्छ ।

(३) यस विनियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि विनियमको २. २ क, (२) (ङ) बमोजिम निर्धारित प्रतिशतको पद कुनै खास प्रकृतिको कामको लागि तोकिए बमोजिमका अपाङ्गहरू बीच मात्र प्रतिस्पर्धा गर्न पाउने गरी प्रतिस्पर्धात्मक परीक्षाद्वारा पूर्ति गरिनेछ ।

(४) विनियमको २.२ क (२) बमोजिम प्रतिशत निर्धारण गर्दा एक प्रतिशत भन्दा कम प्राप्ताङ्क (फ्र्याक्सन) आएमा त्यस्तो घाताङ्क जुन समूहको हकमा घाताङ्क आएको हो सो भन्दा लगतै पछिको समूहमा सबै जानेछ ।

(५) विनियमको २.२ क (२) बमोजिम छुट्याएको पदमा जुन वर्षको लागि विज्ञापन भएको हो सो वर्ष हुने विज्ञापनमा उपयुक्त उम्मेदवार उपलब्ध हुन नसकेमा त्यस्तो पद अर्को वर्ष हुने विज्ञापनमा समावेश गर्नु पर्नेछ र त्यसरी विज्ञापन गर्दा पुन : उपयुक्त उम्मेदवार उपलब्ध हुन नसकेमा त्यस्तो पद सोही वर्ष खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमा समावेश गर्नु पर्नेछ ।

जनशक्ति सीमित हुने हुँदा २ वर्षसम्म पदपूर्ति नभई पद रिक्त रहन गएमा परिषद्को कार्य सम्पादनमा बाधा पर्ने हुँदा दोश्रो वर्ष खुलामा राखिएको ।

२. मूल विनियमको विनियम ३.२ मा संशोधन: मूल विनियमको विनियम ३.२(१) को सट्टा देहायको विनियम ३.२(१) राखिएको छ:–

(१) परिषद्मा रिक्त रहेको वा परिषद्बाट स्वीकृत पदहरूको बढुवाद्वारा पदपूर्ति गर्ने गरी विज्ञापन हुँदा बढुवाको निमित उम्मेदवार हुन बढुवा हुने पदको तह भन्दा एक तह मुनिको पदको लागि अनुसूची-२ मा तोकिए बमोजिसको शैक्षिक योग्यता र देहाय बमोजिसको न्यूनतम सेवा अवधी पुगेको हुनु पर्नेछ ।

क) अधिकृत स्तर पदको निमित तीन वर्ष,

ख) अधिकृत स्तर भन्दा तल्लो पदको निमित दुई वर्ष ।

*(स्पष्टीकरण: परिषद्मा प्राय: गरेर अधिकृत स्तरको जनशक्ति प्राविधिक हुने र उनीहरूलाई विभिन्न तालिम, सेमिनार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गोष्ठीहरू मार्फत दक्ष बनाइएको हुने तर बढुवाको लागि लामो समय कुर्नु पर्दा अधिकांश तालिम प्राप्त र दक्ष जनशक्ति पलायन हुने अवस्था भएकोले बढुवाको लागि न्यूनतम सेवा अवधि तीन वर्ष मात्रै राखिएको । )*

लोक सेवा आयोग
नीति नियम तथा अभिलेख शाखा

प्रतिलिपि

अनुसूची-२
(विनियम २.६ सँग सम्बन्धित)

खुला प्रतियोगिताबाट पूर्ति गरिने पदको आवश्यक न्यूनतम शैक्षिक योग्यता:

| सि.नं. | पद | तह | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|
| १. | प्राविधिक:<br>अनुसन्धान कार्यक्रम निर्देशक,<br><br>अप्राविधिक:<br>प्रमुख प्रशासकीय अधिकृत, प्रमुख लेखा नियन्त्रक<br>प्रमुख पुस्तकालय तथा सूचना अधिकृत,<br>प्रमुख प्रकाशन अधिकृत, प्रमुख तालिम अधिकृत | एघारौं | स्नातकोत्तर तह उत्तीर्ण गरी ७ वर्षको स्वास्थ्य अनुसन्धान सम्बन्धी कार्य अनुभव भएको |
| २. | प्राविधिक:<br>सह-अनुसन्धान कार्यक्रम निर्देशक,<br>अप्राविधिक:<br>सह प्रमुख प्रशासकीय अधिकृत, सह-प्रमुख लेखा नियन्त्रक<br>सह-प्रमुख पुस्तकालय तथा सूचना अधिकृत, सह-प्रमुख प्रकाशन अधिकृत, सह-प्रमुख तालिम अधिकृत | दशौं | स्नातकोत्तर तह उत्तीर्ण गरी ७ वर्षको स्वास्थ्य अनुसन्धान सम्बन्धी कार्य अनुभव भएको |
| ३. | प्राविधिक:<br>उप-प्रमुखअनुसन्धान अधिकृत<br>अप्राविधिक:<br>उप-प्रमुख प्रशासकीय अधिकृत,<br>उप-प्रमुख लेखा नियन्त्रक, ,<br>उप-प्रमुख पुस्तकालय तथा सूचना अधिकृत,<br>उप-प्रमुख प्रकाशन अधिकृत,<br>उप-प्रमुख तालिम अधिकृत | नवौं | स्नातकोत्तर तह उत्तीर्ण गरी ५ वर्षको स्वास्थ्य अनुसन्धान सम्बन्धी कार्य अनुभव भएको |
| ४. | प्राविधिक:<br>वरिष्ठ अनुसन्धान अधिकृत,<br><br>अप्राविधिक: | आठौं | स्नातकोत्तर तह उत्तीर्ण गरी ५ वर्षको स्वास्थ्य अनुसन्धान सम्बन्धी कार्य अनुभव भएको |

| | | | |
|---|---|---|---|
| | बरिष्ठ प्रशासकीय अधिकृत, सहायक प्रमुख लेखा नियन्त्रक, सहायक प्रमुख पुस्तकालय तथा सूचना अधिकृत, सहायक प्रमुख प्रकाशन अधिकृत, सहायक प्रमुख तालिम अधिकृत | | |
| ५. | प्रशासकिय अधिकृत | सातौं (अप्राविधिक) | स्नातक तह वा सो सरह उत्तीर्ण गरेको |
| ६. | लेखा अधिकृत | सातौं (अप्राविधिक) | बाणिज्य शास्त्रमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको |
| ७. | भण्डार अधिकृत | सातौं (अप्राविधिक) | बाणिज्य शास्त्रमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको |
| ८. | अनुसन्धान अधिकृत | सातौं (प्राविधिक) | जनस्वास्थ्य, स्वास्थ्य, वातावरण स्वास्थ्य, तथ्याङ्क शास्त्र, समाज शास्त्र वा चिकित्सा विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरेको वा जनस्वास्थ्य, स्वास्थ्य, वातावरण स्वास्थ्य, तथ्याङ्क शास्त्र, समाज शास्त्र वा चिकित्सा विषयमा स्नातक उत्तीर्ण गरी एक बर्षको स्वास्थ्य अनुसन्धान*सम्बन्धी कार्य अनुभव भएको |
| ९. | तालिम अधिकृत | सातौं (अप्राविधिक) | स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरेको वा स्नातक उत्तीर्ण गरी तीन बर्षको स्वास्थ्य अनुसन्धान तालिम सम्बन्धि कार्य अनुभव भएको |
| १०. | पुस्तकालय तथा सुचना अधिकृत | सातौं (अप्राविधिक) | पुस्तकालय विज्ञान बिषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरेको |
| ११. | प्रकाशन अधिकृत | सातौं (अप्राविधिक) | स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरेको वा स्नातक उत्तीर्ण गरेको |
| १२. | सहायक अनुसन्धान अधिकृत | छैठौं (प्राविधिक) | जनस्वास्थ्य विषयमा स्नातक वा सो सरह उत्तीर्ण गरेको |
| १३. | भण्डारपाल | पाँचौं | बाणिज्य विषयमा प्रविणता प्रमाणपत्र वा सो सरह उत्तीर्ण गरेको |
| १४. | पुस्तकालय तथा सुचना सहायक | पाँचौं | प्रवीणता प्रमाण पत्र वा सो सरह उत्तीर्ण गरेको र पुस्तकालयसम्बन्धी कम्तीमा एक वर्षको कार्य अनुभव भएको |
| १५. | तालिम सहायक | पाँचौं | प्रवीणता प्रमाण पत्र वा सो सरह उत्तीर्ण गरेको र तालिमसम्बन्धी कम्तीमा एक वर्षको कार्य अनुभव भएको |
| १६. | प्रकाशन सहायक | पाँचौं | प्रवीणता प्रमाण पत्र वा सो सरह उत्तीर्ण गरेको र प्रकाशनसम्बन्धी कम्तीमा एक वर्षको कार्य अनुभव भएको |
| १७. | प्रशासन सहायक | चौंथो | एस.एल.सी. वा सो सरह उत्तीर्ण गरेको |
| १८. | कार्यालय सहायक | चौंथो | एस.एल.सी. वा सो सरह उत्तीर्ण गरेको |
| १९. | सहायक प्राविधिक | चौंथो | एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी सम्बन्धित विषयमा एक वर्षको तालीम गरेको |
| २०. | सह लेखापाल | चौंथो | एस.एल.सी. वा सो सरह उत्तीर्ण गरेको |
| २१. | सवारी चालक | प्रथम | साधारण लेखपढ गर्न जानेको तथा सवारी चालक अनुमति प्रमाण पत्र लिएको हुनुपर्ने |
| २२. | पियन | प्रथम | साधारण लेखपढ गर्न जानेको |
| २३. | पाले | प्रथम | साधारण लेखपढ गर्न जानेको |
| २४. | कुचिकार | प्रथम | साधारण लेखपढ गर्न जानेको |
| २५. | माली | प्रथम | साधारण लेखपढ गर्न जानेको र बगैंचा सम्बन्धी साधारण ज्ञान भएको |

**स्वास्थ्य अनुसन्धान भन्नाले मानव स्वास्थ्यसँग सम्बन्धित जनस्वास्थ्य, चिकित्सा, आयुर्वेद, नर्सिङ्ग, युनानी, होमियोप्याथी, फार्मेसी, मानव शरीर, शरीर प्रक्रिया, विकृति विज्ञान (Pathology) लगायतका विषयमा गरिएको अनुसन्धान भन्ने बुझ्नुपर्छ ।*

नीति नियम तथा अभिलेख शाखा